## महाकुलुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बुङ सोलुखुम्बु ।
## प्रदेश नं.१ नेपाल

स्थानिय सरकारबाट प्रकाशित राजपत्र

# महाकुलुङ राजपत्र

**सामुदायिक स्वास्थ्य इकाई स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७९**

**कार्यपालिकाबाट स्वीकृत मिति २०७९।०६।०७ गते**

# सामुदायिक स्वास्थ्य इकाई स्थापना संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७९

## प्रस्तावना

महाकुलुङ गाउँपालिकाको गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम २०७९ बमोजिम तय गरिएको प्रमुख नीति मध्ये सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी पालिकामा बसोवास गर्ने महिला, बालबालिका, गरिब असहाय, सिमान्तकृत बर्ग तथा समुदायको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच र सेवाको उपभोगमा बृद्धि गर्न सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने सम्बन्धी कार्यनीतिमा उल्लेख भए बमोजिम पालिकामा बसोवास गर्ने नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता र प्राथमिकताको आधारमा यस महाकुलुङ गाउँ पालिकाको दुर्गम तथा स्वास्थ्य सेवाबाट बञ्चित रहेका वडाहरु र स्वास्थ्य सस्थाहरुमा पहुँच नपुगेका क्षेत्रहरुमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्दै जाने नीति अनुरुप आ.ब.२०७९/०८० मा महाकुलुङ गाउँ पालिकाको वडा नं. ३ को ममिर्कु र वडा नं. ५ को निमचोलामा सन्चालनमा रहेको गाउँघर क्लिनिकलाई नेपालको संबिधान २०७२ बमोजिम आधारभूत स्वास्थ्य सेवा पाउने जनताको संबैधानिक अधिकार स्थापित गर्न महाकुलुङ गाउँ पालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७९ गाउँ कार्यपालिकाको मिति २०७९।०६।०७ गतेको बैठकको निर्णयनुसार पारित गरिएको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

१. यो कार्यबिधिको नामः **"सामुदायिक स्वास्थ्य इकाई स्थापना र संचालन सम्बन्धी कार्यबिधि २०७९"** रहेको छ ।

**२. परिभाषाः**

**१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

क. **" सामुदायिक स्वास्थ्य इकाई"**भन्नाले महाकुलुङ गाउँ पालिकाको स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका यस पालिका भित्रमा स्थायी वा अस्थायी वसोवास गर्ने महिला बालबालिका गरिब तथा सिमान्तकृत बर्ग तथा समुदायको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच पुर्याई आम नागरिकको स्वास्थ्यमा सुधार ल्याउनका लागि ल्याइएको विषेश कार्यक्रम भनी बुझ्नु पर्दछ ।

ख. **"लक्षित बर्ग"** महाकुलुङ गाउँ पालिका भित्रको दुर्गम क्षेत्रमा वसोवास गर्ने महिला बालबालिका गरिब तथा सिमान्तकृत बर्ग तथा समुदायहरु ।

ग. **"गाउँ पालिका"** भन्नाले महाकुलुङ गाउँ पालिकालाई सम्झनु पर्दछ ।

घ. **"कार्यपालिका"** भन्नाले महाकुलुङ गाउँ पालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ. **" मन्त्रालय "** भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्दछ ।

च. **"स्वास्थ्य शाखा"** भन्नाले महाकुलुङ गाउँ पालिकाको स्वास्थ्य बिषय हेर्ने स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

छ. **"अनुगमन समिति"** भन्नाले पालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ५ अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

ज. **"व्यवस्थापन समिति"** भन्नाले महाकुलुङ गाउँ पालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन २०७५ को दफा ६ को उपदफा १ को (ग) अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

झ. **"जनशक्ति"** भन्नाले सामुदायिक स्वास्थ्य इकाई संचालनका लागि सेवा करारमा लिने दक्ष वा प्राविधिक जनशक्तिलाई बुझाउदछ ।

महाकुलुङ गाउँ कार्यपालिका ... कोशी प्रदेश, नेपाल

## परिच्छेद २

**१.सामुदायिक स्वास्थ्य इकाई रहने स्थानः** महाकुलुङ गाउँ पालिका वडा नं. ३ ममिर्कु र वडा नं. ५ को निमचोला भन्ने स्थानमा आ.ब. २०७९/०८०मा तत्काल स्थापना गरी सेवा सञ्चालनमा ल्याईने छ। यसको साथै आवश्यकता र औचित्यको आधारमा महाकुलुङ गाउँ पालिकाको अन्य स्थानमा समेत सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्दै लगिने नीति लिएको छ ।

२. **कर्मचारी सम्वन्धी व्यवस्था र दरवन्दी :**

२.१ सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गर्न देहाय वमोजिमको जनशक्तिको व्यवस्था गर्नु पर्ने छ ।

(क) हे.अ. स्वास्थ्य सेवा हे.ई. समुहको पाँचौ तह / अ.हे.व. स्वास्थ्य सेवा हे.ई. समुहको चौथो तह मध्ये १ जना

(ख) स्टाफ नर्स नर्सिङ समु / अ.न.मी. मध्ये १ जना

**कार्यालय सहयोगी बिरामीको चापका आधारमा मासिक ३०० भन्दा माथी सेवाग्राही भए १ जना दिन सकिनेछ ।**

२.२. **पारिश्रमिक र सुविधाः** जनशक्ति व्यवस्थापन महाकुलुङ गाउँ पालिकाको गाउँ सभाबाट विनियोजित रकमबाट तलब भत्ता दिईने गरी सेवा करारमा लिईने व्यवस्था मिलाईनेछ। यसरी नियूक्ति हुने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको सेवा सुबिधा महाकुलुङ गाउँ पालिकाबाट वेहोरिने छ साथै सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीको पारिश्रमिक दुई पक्षीय सम्झौता बमोजिम हुनेछ भने पहिले देखि सञ्चालनमा भएका सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीहरुको हकमा समेत यो सुविधा लागु हुनेछ । जनसंख्या, भौगोलिक अवस्था, बिरामीको चाप र कार्य विवरणको आधारमा थप प्राविधिक जनशक्तिको व्यवस्था पनि गर्न सकिनेछ ।

२.३. **प्रक्रियाः** करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यबिधि २०७८ बमोजिम हुनेछ ।

३. **सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन**

३.१. सामुदायिक स्वास्थ्य इकाईको संचालन रेखदेख र समन्वय सम्वन्धित सामुदायिक स्वास्थ्य इकाई स्वास्थ्य सञ्चालन तथा व्यवस्थापन समिति, वडा कार्यालय र गाउँपालिकाले गर्नेछ ।

३.२. सामुदायिक स्वास्थ्य इकाईलाई आवश्यक पर्ने औषधी र औजार उपकरण महाकुलुङ गाउँपालिकाको स्वास्थ्य शाखाले आपुर्ती गर्ने व्यवस्था मिलाउनेछ ।

३.३. सामुदायिक स्वास्थ्य इकाईमा काम गर्ने कर्मचारीहरुको व्यवस्थापन तथा कामको रेखदेख पालिकाको सम्वन्धित वडा र सामुदायिक स्वास्थ्य इकाई संचालन तथा व्यवस्थापन समितिले गर्नेछ ।

३.४. सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण,मर्मत सम्भार र आवश्यक उपकरण आदिको व्यवस्थापन गर्ने जिम्मेवारी सम्वन्धित पालिकाको हुनेछ ।

४. **सामुदायिक स्वास्थ्य इकाई स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठनः**

४.१. पालिकाको प्रत्येक वडामा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाईहरुमा आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्न देहाय वमोजिम ७ सदस्यीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन गरीने छ।

(क) महाकुलुङ गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ग) सम्वन्धित वडाको निर्वाचित वडा सदस्य -उपाध्यक्ष

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(ग) स्वास्थ्य र सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य सस्था रहेको वडाका समाजसेवी बुद्धिजिवि मध्येवाट संरक्षकले मनोनित गरेको १ जना महिला - सदस्य

(घ) सम्वन्धित वडा सचिव - सदस्य

(ङ) सम्बन्धित वडा भित्र वसोवास गर्ने समाजसेवी व्यवसायी उधोगपति लब्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार व्यत्तिहरु मध्येबाट स्वास्थ्य सस्था संचालन तथा व्यवस्थापन समितिले मनोनयन गरेको १ जना महिला सहित ३ जना - सदस्य

(च) सम्वन्धित वडाको सामुदायिक स्वास्थ्य इकाईको प्रमुख - सदस्य सचिव

**५. स्वास्थ्य सस्था संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

**५.१** आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

**५.२** व्यवस्थापन समितिको नियमित बैंठक गर्ने , स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानको लागी आवश्यक कार्य गर्ने ।

**५.३** वार्षिक समिक्षा,सामाजिक परीक्षण जस्ता मूल्याङकनका कार्यक्रम संचालन गर्ने ।

**५.४** सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लगी सहजीकरण गर्ने ।

**५.५** स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

**६. कार्यबिधिको ब्याख्याः** यो कार्यबिधि महाकुलुङ गाउँ कार्यपालिका को बैठकबाट पारित भएको मिति देखि लागु हुनेछ । कार्यबिधि लागु हुनु भन्दा अगाडी सामुदायिक स्वास्थ्य इकाई स्थापना संचालन तथा व्यवस्थापन सम्बन्धमा भए गरेका कामकारवाहीहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७९।०६।०७

आज्ञाले
पदम बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको ... कोशी प्रदेश, नेपाल